# अखिल नेपाल फुटबल संघ

ए डिभिजन राष्ट्रिय फुटसल लिग २०७८

**प्रेस विज्ञप्ती**

अखिल नेपाल फुटबल संघको फुटसल कमिटि अर्न्तगत आयोजना हुन गईरहेको “ए डिभिजन राष्ट्रिय फुटसल लिग २०७८” को घोषणा मिति २०७७ माघ २५ गते एन्फा कम्प्लेक्स, सातदोवाटोमा सम्पन्न भयो । अध्यक्ष कर्मा छिरिङ्ग शेर्पाको अध्यक्षतामा संचालन भएको यस पत्रकार सम्मेलनमा राष्ट्रिय फुटसल लिगको विवरण सार्वजनिक गर्ने तथा यस प्रतियोगिताको व्यापार प्रबन्धक र व्यवस्थापनको लागि टर्नपाईक इभेन्ट प्रा.लि. सँग सम्झौता गर्ने कार्यक्रम रहेको छ ।

१) यस प्रतियोगितामा १० “ए” डिभिजन क्लबहरुले सहभागिता जनाउनेछन् । १० ए डिभिजन क्लबहरुको चयन क्वालिफायर चरणका खेलहरुबाट हुनेछ ।

२) जिल्ला फुटबल संघसँग आबद्ध रहेका, राष्ट्रिय खेलकुद परिषदमा दर्ता रहेका र जिल्ला प्रशासन कार्यालयमा दर्ता रहेका तथा ए, बि, र सि डिभिजन क्लब र फुटसल क्लबहरुले तोकिएको समयमा रितपूर्व दर्ता गरि ए डिभिजन राष्ट्रिय फुटसल लिग २०७८ मा सहभागिता जनाउन पाउनेछन । त्यस्ता क्लबहरुले आधिकारीक रुपमा नेपाल सरकारमा दर्ता भई, प्रमाण पत्र र प्यान दर्ता प्रमाण पत्र समेत लिएको हुनु पर्नेछ सोको प्रतिलिपि सहित दर्ता गराउनु पर्नेछ ।

३) छनौट चरणमा सहभागि क्लबहरुमा (न्यून्तम) १ प्रशिक्षक, १ म्यानेजर र १० खेलाडी हुनुपर्नेछ ।

४) विभिन्न प्रदेशका क्वालिफायर चरणका खेलहरु निम्न स्थान र मितिमा हुनेछन्:

प्रदेश नं. १-पथिभरा फुटसल, ईटहरी (चैत १-५), छनौट हुने क्लबको सङ्ख्या- २
प्रदेश नं. २- हेटौडा (चैत्र ८-१२), छनौट हुने क्लबको सङ्ख्या- १
प्रदेश नं. ५,६,७- स्पोटर्स अरिना फुटसल, दाङ (चैत्र १९-२३), छनौट हुने क्लबको सङ्ख्या- १
प्रदेश नं. ३- बैजन्ती फुटसल, मत्सय फुटसल, काठमाण्डौं (चैत्र २५-३०), छनौट हुने क्लबको सङ्ख्या- ४
प्रदेश नं. ४-स्पोर्ट क्यासल र पैयम स्पोर्टस सेन्टर, पोखरा (बैशाख ३-७), छनौट हुने क्लबको सङ्ख्या- २

(*क्वालिफायर चरणमा क्लबहरुको सङख्या थोरै भएमा खेल तालिका, मिति र स्थान हेरफेर गर्नु परेमा पूर्ण अधिकार एन्फा फुटसल कमिटिमा निहित रहनेछ ।)

५) यसरी छनौट भएर आएका १० क्लबले ए डिभिजन लिगमा खेल्नेछन् । ए डिभिजन लिगका खेलहरु पोखरा स्थित बहुउद्देश्यीय कभर्डहलमा बैशाख २५ देखी जेष्ठ १५ सम्म आयोजना गरिनेछ ।

६) अखिल नेपाल फुटबल संघले राष्ट्रिय लिगमा खेल्ने क्लबहरुलाइ रु. १,००,०००/क्लब व्यवस्थापन र यातायात खर्च स्वरुप उपलब्ध गराउनेछ ।

७) सहभागि क्लबहरुमा न्यून्तम १ प्रशिक्षक, १ म्यानेजर, १ फिजियो र १४ खेलाडी हुनुपर्नेछ ।

८) यस लिग अन्तर्गत हुने प्रतियोगिताबाट नेपालको राष्ट्रिय फुटसल टोली चयन हुनेछ ।

९) क्लब दर्ता गर्ने विवरण:-

-दर्ता शुल्क- रु १०,०००/-

-बैंकको नाम/शाखा - नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड, दरबारमार्ग
-खाता नं.- ००१०१०१००३१३५४
-खाताको नाम- अखिल नेपाल फुटवल  संघ
-खाताको प्रकार- करेन्ट, जनरल खाता

१०) यस राष्ट्रिय फुटसल लिगको विजेताहरुको पुरस्कार विवरण:

पहिलो पुरस्कार - रु. १०,००,०००/-
दास्रो पुरस्कार - रु. ५,००,०००/-
ALA -रु. २५,०००/-
GK -रु. २५,०००/-
Fixo -रु. २५,०००/-
Emerging Player -रु. २५,०००/-
उत्कृष्ठ प्रशिक्षक -रु. २५,०००/-
Man of the Match -रु. ५,०००/-(४९ खेलाडीहरु)

११) अखिल नेपाल फुटबल संघको वेबसाइटमा छनौट चरणको फारम उपलब्ध गराइएको छ । सबै सहभागी क्लबहरुले यस फारम डाउनलोड गरी भर्नुपर्नेछ। फारम भरे पश्चात क्लबहरुले सो फारम, बैंक भौचर, क्लबको दर्ता प्रमाणपत्र, प्यान वितरणको प्रमाणपत्र, क्लबका खेलाडी र प्रशिक्षकको फारम भरी anfafutsal4133@gmail.com मा पठाउनु पर्नेछ।

१२) छनौट चरणको दर्ताको दर्ता म्याद : २५ माघ २०७७ देखि २५ फागुन २०७७

सम्पर्क नम्बर

रत्न कुमार श्रेष्ठ
फुटसल कमिटि संयोजक
मोवाइल नं. ९८५६०४०५७७

विनोद गुरुङ्ग
फुटसल कमिटि प्रमुख
मोवाइल नं. ९८१६६३१३३९